## नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

रजिष्टर्ड कार्यालय: मेनरोड वीरगञ्ज (पर्सा)
प्रधान कार्यालय: हेरिटेज प्लाजा १, दोश्रो तल्ला, कमलादी, काठमाडौं
फोन नम्बर: ९७७-१-४१६९०८२/८३/८५, फ्याक्स नं. ९७७-१-४१६९०७९
www.nepallife.com.np | info@nepallife.com.np

# आ.ब ०७१/७२ को पहिलो त्रैमासिकसम्मको वित्तीय परिणाम

### वासलात

| क्र.सं. | विवरण | लेखा परिक्षण नभएको<br>यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको<br>अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण भएको<br>अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | श्रोत (१.१ देखि १.४ सम्म) | २०,४३४,६१९,१८८ | १९,०१५,३४५,५७३ | १५,०९२,३०६,५१५ |
| १.१ | चुक्ता पुँजी | १,०८३,७५०,००० | १,०८३,७५०,००० | ६३७,५००,००० |
| १.२ | जगेडा तथा कोष | ६४२,७६६,६३६ | ५९७,०००,२९८ | ७१२,६८३,४१० |
| १.३ | जीवन बीमा कोष | १८,७०८,१०२,५५२ | १७,३३४,५९५,२७५ | १३,७४२,१२३,१०५ |
| १.४ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | – | – | – |
| २ | उपयोग (२.१ देखि २.६ सम्म) | २०,४३४,६१९,१८८ | १९,०१५,३४५,५७३ | १५,०९२,३०६,५१५ |
| २.१ | स्थिर सम्पत्ति (खुद) | ३३४,४४४,५२७ | ३३६,६०९,६८० | ३७५,३२७,७३८ |
| २.२ | दिर्घकालिन लगानी तथा कर्जा | ११,३३७,०९८,५४२ | ९,०५९,२६७,३९९ | १३,००८,०४६,३१५ |
| २.३ | बीमालेखको धितोमा कर्जा | १,५८५,१५४,८६२ | १,४४७,३५३,४४७ | १,१४७,३२८,६५५ |
| २.४ | खुद चालु सम्पत्ति (३-४) | ७,१५८,३९२,३८१ | ८,१५२,५८६,१७१ | ५३०,८६५,५५७ |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | १९,५२८,८७६ | १९,५२८,८७६ | ३०,७३८,२५० |
| २.६ | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | – | – | – |
| | **खुद चालु सम्पत्तिको विवरण** | | | |
| ३ | चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म) | ८,१०५,५८४,५२९ | ९,१७६,०३८,४३१ | १,२०७,२७४,२४४ |
| ३.१ | नगद तथा बैंक मौज्दात | ९५,७२५,९२४ | १८३,२५८,६५५ | ७४,७१५,६१५ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | ६,७८७,५३४,०९६ | ७,८२८,८६२,६६२ | २४७,९२६,०८६ |
| ३.३ | अन्य सम्पत्ति | १,२२२,३२४,५०९ | १,१६३,९१७,११४ | ८८४,६३२,५४४ |
| ४ | चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखि ४.४ सम्म) | ९४७,१९२,१४८ | १,०२३,४५२,२६० | ६७६,४०८,६८८ |
| ४.१ | चालु दायित्व | ३०७,१४३,१९० | ४४७,७१३,६४२ | ३५७,८८४,२५८ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | ३५९,२२५,४१३ | ३५७,३४१,५०६ | २६४,८५६,७७६ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | ७८,१७६,६४९ | ७८,३८८,२६३ | ५३,६६७,६५४ |
| ४.४ | अन्य व्यवस्था | २०२,६४६,८९६ | १४०,००८,८४९ | – |

### नाफा-नोक्सान हिसाब

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | १२१,७००,६७२ | ४५०,८०४,१४१ | ८३,२७७,२७० |
| १.१ | आय व्यय हिसाबबाट सारेको | ८७,७१०,८३२ | ३१२,४२७,९९८ | ५०,४२२,४१८ |
| १.२ | जीवन बीमा कोषबाट सारेको | – | – | – |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | ३३,९८९,८४० | १११,७८२,६५८ | ३२,८५४,८५२ |
| १.४ | व्यवस्था फिर्ता | – | २६,५९३,४८५ | – |
| १.५ | अन्य आम्दानी | – | – | – |
| २ | व्यवस्था तथा खर्चहरु (२.१ देखि २.८) | ७५,९३४,३३७ | ९६,९१७,९०५ | २२,८६२,४६३ |
| २.१ | व्यवस्थापन खर्च | १३,३०६,४१२ | ४६,४६१,९०४ | ११,४३५,७६२ |
| २.२ | अपलेखन खर्च | – | – | – |
| २.३ | अन्य खर्च | – | – | – |
| २.४ | नोक्सानीको लागि व्यवस्था | ५५,८०२,३६४ | ७३६,९६७ | १,९६८,७४१ |
| २.५ | कर्मचारी आवास व्यवस्था | – | – | – |
| २.६ | कर्मचारी बोनस व्यवस्था | ४,७८१,०८१ | ३६,६८५,८५८ | ६,०४१,४८१ |
| २.७ | आयकर | २,०४४,४७९ | १३,०३३,१७६ | ३,४१६,४७९ |
| २.८ | जीवन बीमा कोषमा सारेको | – | – | – |
| | खुद नाफा/नोक्सान (१-२) | ४५,७६६,३३५ | ३५३,८८६,२३६ | ६०,४१४,८०७ |

### एकिकृत आय-व्यय हिसाब

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | आय (१.१ देखि १.७ सम्म) | २,४३७,०८४,४७८ | ७,४५०,६०२,६५० | १,६८६,९०९,९३२ |
| १.१ | बीमाशुल्क (खुद) | १,६३१,२७०,७४१ | ५,५६०,१९६,५१५ | १,०६१,५८५,२८३ |
| १.२ | पुनर्बीमा कमिशन आय | ३,३००,००० | ११,२८०,९४२ | १,०००,००० |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | ३११,०२३,१४५ | १,४०२,९८९,९९१ | २७६,३७७,४४० |
| १.४ | बीमालेखको धितोमा कर्जाबाट आय | ४५,०७४,४६१ | १३४,८८१,९४२ | ३१,६२७,३५३ |
| १.५ | अन्य प्रत्यक्ष आय | १०,६८६,३६८ | ३७,७५३,४८७ | ९,००६,८२३ |
| १.६ | यस वर्षको सुरुको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | ७८,३८८,२६३ | ५२,६९५,९८९ | ५६,५०९,२४९ |
| १.७ | यस वर्षको सुरुको असमाप्त जोखिम बापत व्यवस्था | ३५७,३४१,५०० | २५०,८०३,७८४ | २५०,८०३,७८४ |
| २ | ब्यय (२.१ देखि २.१० सम्म) | ९७५,८६६,३६८ | २,३८३,०५३,३३७ | ७२१,७७३,०५७ |
| २.१ | दाबी भुक्तानी (खुद) | २०१,७७१,९३९ | ७२९,९८२,८९७ | १५१,५२५,२९० |
| २.२ | अभिकर्ता कमिशन | १७९,९०५,५०१ | ६०४,९७०,७६४ | १०७,७५३,१५० |
| २.३ | स्वास्थ्य परिक्षण शुल्क | १,५७३,५३३ | १४,०५८,६७६ | २,२१३,३७२ |
| २.४ | पुनर्बीमा कमिशन खर्च | – | – | – |
| २.५ | सेवा शुल्क (खुद) | १६,३१२,७०७ | ५५,७५७,६५८ | १०,६१५,८५३ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | – | ३,७६०,४२७ | – |
| २.७ | व्यवस्थापन खर्च | ११९,७५७,७१२ | ४१८,१५७,१३३ | १०२,९२१,८६१ |
| २.८ | आयकर | १९,१४२,९१४ | १२०,६३६,०१९ | २८,२१९,१०२ |
| २.९ | यस अवधिको अन्त्यको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | ७८,१७६,६४९ | ७८,३८८,२६३ | ५३,६६७,६५४ |
| २.१० | यस अवधिको अन्त्यको असमाप्त जोखिम वापत व्यवस्था | ३५९,२२५,४१३ | ३५७,३४१,५०० | २६४,८५६,७७६ |
| ३ | बचत (१-२) | १,४६१,२१८,१०९ | ५,०६७,५४९,३१३ | ९६५,१३६,८७५ |
| ३.१ | जीवन बीमा कोषमा सारेको | १,३७३,५०७,२७७ | ४,७५५,१२१,३१५ | ९२१,६८१,८६९ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | ८७,७१०,८३२ | ३१२,४२७,९९८ | ५०,४२२,४१८ |

### अन्य विवरण

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.व.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १. | कुल बीमाशुल्क आर्जन रकम (रू. हजारमा) (हाल सम्म) | २३,४७७,०६१ | २१,८११,३५७ | १७,२११,५२७ |
| | कुल बीमाशुल्क आर्जन रकम (रू. हजारमा) (यस आ.व.) | १,६६५,७०४ | ५,६७७,५४९ | १,०७८,५२७ |
| २. | कुल कायम रहेको बीमालेखको संख्या | ९५२,५७३ | ९२१,०९३ | ७९३,४२२ |
| ३. | घोषित मुनाफा (बोनस) को दर (६९-७० को) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२ सम्म |
| ४. | अन्तरिम मुनाफा (बोनस) को दर (७०-७१ देखि हाल सम्म) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२ सम्म |
| ५. | कुल दावी भुक्तानी रकम (रू. हजारमा) | २०१,५६० | ७५७,५६३ | १५४,०३६ |
| ६. | कुल दावी भुक्तानी संख्यामा (मृत्यु, समर्पण, अवधि भुक्तानी) | ४,०८६ | १५,६१३ | १,०७० |
| ७. | भुक्तानी हुन बाँकी दावी रकम (रू. हजारमा) | ७८,१७७ | ७८,३८८ | ५३,६६८ |

**द्रष्टव्य:**
१) माथी उल्लेखित मुनाफामा कम्पनीको आ.व. २०७०/७१ को बीमाङ्कीय मूल्याङ्कनबाट प्राप्त हुने मुनाफा बीमाङ्कीय मूल्याङ्कनको परिणाम पश्चात समावेश गरिने छ।
२) कम्पनीको माथी उल्लेखित असमाप्त जोखिम वापतको व्यवस्था बीमाङ्कीय मूल्याङ्कन पश्चात् परिवर्तन हुन सक्ने छ।
३) वित्तिय विवरणमा उल्लेख गरिएका विवरणहरु लेखा परिक्षण तथा नियमक निकायको निर्देशन पश्चात् हेरफेर हुन सक्ने छन्।

# आ.व. २०७१/०७२ को प्रथम त्रैमासिक प्रतिवेदन

## (धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ को नियम २२ को उपनियम २ को प्रयोजनका लागि)

१) **वित्तिय विवरण**

क) प्रथम त्रैमासिक अवधिको वासलात, आयव्यय हिसाब तथा नाफा नोक्सान हिसाब सम्बन्धी मिति २०७१/०७/३० गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरिएको छ।

ख) प्रमुख वित्तिय अनुपातहरु :

| | |
|---|---|
| *प्रति शेयर आम्दानी : १६.८९ | प्रति शेयर नेटवर्थ : १५९.३१ |
| पि.ई. अनुपात : २४७.६९ | प्रति शेयर कुल सम्पत्तिको मूल्य : २४६.७१ |
| औसत प्रतिफल दर : ८.४३ | व्यवस्थापन खर्च/कुल बीमाशुल्क : ७.९९ |

*उपरोक्त वित्तिय अनुपातहरुमा आ.व ०७०/७१ को बीमाङ्कीय मूल्याङ्कनबाट प्राप्त हुने मुनाफा गणना गरिएको छैन।


समिक्षा त्रैमासको अन्त्य तिर सेयर बजारमा आएको असामहिक मन्दिको कारण कम्पनीले सो वापत हुन सक्ने नोक्सानीको लागि रु ५.५८ करोड व्यवस्था गरे पश्चात पनि कम्पनीको यस त्रैमासिक अवधिसम्म रु.४.५८ करोड नाफा रहेको छ जसमा आ.व. २०७०।७१ को बीमाङ्कीय मूल्याङ्कनबाट प्राप्त हुने मुनाफा थप हुनेछ। सो वित्तिय विवरणमा आय व्यय हिसाबबाट रु. १३७.३५ करोड जीवन वीमाकोषमा सारी कुल जीवन वीमाकोष रु.१,८७०.८१ करोड भएको छ।


२) **व्यवस्थापकिय विश्लेषण**


क) कम्पनीको प्रथम त्रैमासिक अवधिसम्ममा कुल वीमाशुल्क आर्जन रु.१६६.५७ करोड रहेको छ जुन गत बर्षको सोहि अवधिमा प्राप्त कुल वीमाशुल्क रु. १०७.८५ करोडको तुलनामा ५४.४५ प्रतिशतले बृद्धी भएको हो। कम्पनीले अङ्गिकार गरेको समयानुकुल बजार प्रवर्द्धन रणनीति तथा बढ्दो जनचेतनाका कारण व्यवसाय बृद्धिमा सकारात्मक योग्दान मिलेको छ।

कम्पनीले यस त्रैमासिक अवधिमा कुल रु. २०.१६ करोड दावी भुक्तानी गरेको छ। कम्पनीले सकेसम्म छिटो र छरितो तरिकाले वीमितहरुको दावी भुक्तानी गर्ने नीति अवलम्बन गरेको छ। कम्पनीको कुल आम्दानी उत्साहजनक रही तरलताको स्थिति सन्तोषजनक रहेको छ।

कम्पनीले प्रथम त्रैमासिक अवधिसम्ममा रु. १९.७१ अर्व भरपर्दो एवं सुरक्षित क्षेत्रमा लगानी गर्न सफल भएको छ जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. १४.४० अर्व मा ३६.८० प्रतिशतको बृद्धी हो। विधमान वजारमा लगानीको प्रतिफल अति न्यून हुदै गई रहेको अवस्थामा पनि कम्पनीले विगतका बर्षहरुमा उच्च ब्याज दरमा दिर्घकालिन लगानी गरेको कारण यस आ.व. २०७१/७२ को औसत प्रतिफल समेत उत्साहजनक रहेको छ।





*आ.व. २०७१/७२ मा प्रथम त्रैमासिक अवधिसम्मको मात्र लगानी तथा जीवन वीमाकोष उल्लेख गरीएको

कम्पनीको यस त्रैमासिक अवधि सम्ममा विभिन्न जीवन वीमा योजना अन्तर्गत प्राप्त प्रथम वीमाशुल्कको वर्गिकरण यस अनुसार छ।




ख) कम्पनीले बिद्यमान प्रतिस्पर्धात्मक अवस्थामा समयानुकुल व्यवसायिक योजना र रणनीति अवलम्बन गर्दै आएको छ फलस्वरुप, कम्पनीको व्यवसायिक बिस्तारमा तीब्रता तथा वीमितहरुलाई उच्च स्तरीय सेवा दिन लक्ष्य अनुरुप उपलब्धी हासिल गर्दै गएको र बाँकी अवधिमा पनि व्यवसाय तथा सेवा विस्तारमा विशेष ध्यान दिने लक्ष्य लिएको छ।

ग) बिगतको अनुभवबाट कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि देखिएको छैन।

३) **कानूनी कारवाही सम्बन्धी विवरण** : नभएको

४) **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**

क) समिक्षा अवधिमा भएको कम्पनीको शेयर कारोवार वास्तविक र यथार्तपरक रहेको पाएका छौं।

ख) त्रैमासिक अवधिको शेयर कारोबारको बिवरण निम्न बमोजिम रहेको छ।

| | | |
|---|---|---|
| अधिकतम मूल्य : रू. ४,६१० | न्यूनतम मूल्य : रू. ३,५८० | अन्तिम मूल्य : रू. ४,१८४ |
| कारोबार संख्या : ७६,३४१ कित्ता | कारोबार दिन : ५९ दिन | |

५) **समस्या र चुनौती**

मुलुकमा जीवन वीमा व्यवसायको सम्भावना उच्च रहेकोले जीवन वीमा प्रति आम मानिसमा सकारात्मक भावनाको विकास गर्न जीवन वीमालाई सामाजिक सुरक्षा तथा अनुसाशित बचतको माध्यमको रुपमा स्थापित गरि वीमा जागरण अभियान संचालनको खाँचो रहेको छ। जीवन वीमा क्षेत्रको विस्तारित बजारका वावजुद सीमित क्षेत्रमा केन्द्रित तीव्र प्रतिस्पर्धाले केही चुनौतीहरु सृजना गरेका छन्। अर्थतन्त्रमा दीर्घकालिन लगानीको अवसर न्यून भएकोले परम्परागत लगानीका क्षेत्रहरुमा मात्र लगानी एकिकृत भइरहने हुँदा केन्द्रित जोखिमको अवस्था रहेको छ। कम्पनीले समयानुकुल व्यवसायिक रणनितिको कार्यान्वयनद्धारा चुनौतीहरुलाई अवसरमा परिणत गर्दै जानेमा विश्वास लिएको छ।

६) **संस्थागत सुशासन**

कम्पनीले पारदर्शिता तथा जवाफदेहितालाई पहिलो प्राथमिकतामा राख्दै आएको छ। कम्पनीको अनलाईन कारोवार प्रणालीले आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्न सहयोग पुर्याएको छ। कम्पनीले आफनो हिसाब किताब सर्वमान्य लेखा सिद्धान्त, नेपाल लेखामान मापदण्ड अनुरुप राख्दै कम्पनीको कारोवारहरुलाई समयमै लेखा परिक्षण गर्दै आएको छ। कम्पनीले आफनो आन्तरिक नियन्त्रणलाई सबल बनाउन आन्तरिक लेखा परिक्षकको रुपमा स्वतन्त्र चार्टर्ड एकाउन्टेन्टलाई नियुक्ति गरि प्रत्येक त्रैमासिक अवधिको प्रतिवेदन प्राप्त गरि छलफल पश्चात वीमा समितिमा पठाउने गरिएको छ। कम्पनीले बीमा समिति द्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका बमोजिमका प्रावधानहरु कार्यान्वयन गर्दै संस्थागत सुशासन कायम गर्ने तर्फ व्यवस्थापन दृढ रहेको छ।

७) **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिबेदनमा उल्लेखित बिवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन।

८) **नियम २२ (५) सँग सम्बन्धित विशेष घटना वा परिस्थिति सम्बन्धी विवरण:**

नभएको

किनकि जीवन अमूल्य छ...